नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

## होली पर्वका अवसरमा शुभकामना तथा

## जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको सार्वजनिक सूचना

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी
२०७८।१२।२

सम्वत् २०७८ साल चैत्र ३ गते हिमाली तथा पहाडी जिल्लाहरूमा र चैत्र ४ गते तराईका जिल्लाहरू (कपिलवस्तु समेत) मा रङ र खुसियाली साटासाटको पर्वको रुपमा मनाइने होली/फागु पर्वको अवसरमा सम्पूर्ण कपिलवस्तुबासी दाजुभाई तथा दिदीबहिनीहरूलगायत सम्पूर्ण नेपालीहरूमा जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यस पर्वलाई धार्मिक एंव साँस्कृतिक दृष्टिले मर्यादित र सभ्य ढंगले मनाउँदा मात्र होली/फागु पर्वको महत्त्व सिद्ध हुने हुँदा मर्यादित तथा सभ्य ढंगले मनाउनु हुन र स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नु हुन जिल्ला प्रशासन कार्यालय कपिलवस्तु सम्पूर्ण कपिलवस्तुबासीहरूमा हार्दिक अनुरोध गर्दछ । होली/फागु पर्व मनाउने नाममा कसैको इच्छा विपरीत जबरजस्ती रङ दल्ने, अमर्यादित, गैह्रकानूनी र उच्श्रृंखल किसिमका कुनै पनि व्यवहार गर्ने, प्लाष्टिकजन्य लोला हान्ने,फोहोर छ्याप्ने, बाटोमा हिड्ने व्यक्तिहरूलाई दु:ख, हैरानी तथा कष्ट दिने जस्ता कार्य प्रचलित कानून विपरित हुन् । कानून विपरितका कार्य तथा असभ्य व्यवहार कोही कसैले नगर्नु/नगराउनु हुन र कोही कसैको इच्छा एवं स्वीकृति बेगर कानून विपरितको कार्य गरे/गराएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सर्वसाधारण सबैको लागि सूचित गरिन्छ ।

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी